कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष २ अंक ५४ ने. सं. ११३२ गुंलागा षष्ठी बुधवा: २०६९ श्रावण २४ गते बुधवार (Aug - 8, 2012) मुल्य : ५/– (न्यातका)

कीर्तिपुरमा गाईजात्रको एका बिहानै भीषण आगलागी

एकजनाको ज्यान गयो, तीन घाइटे

स्थानीयवासीद्वारा अग्नी पिडित सहयोग समिति गठन गरि आर्थिक संकलन सुरु

कीर्तिपुर सन्देश /

गत साउन १९ गते गाईजात्राको विहान कीर्तिपुर नगर पालिका वडा नं.४ भञ्यांपुखुसीस्थित कृष्ण महर्जनको घरमा ठूलो आगलागी भयो। विहान करीव २ बजेर ४५ मिनेटमा घर को चोटाबाट आगोको मुस्लो निस्केपछि मात्र घरका मानिसहरू र छिमेकीहरूले चाल पाएका थिए।

सो रात कीर्तिपुरमा बाहा: चा:हिलेगु भनी रातभरी नै विभिन्न विहार र बहाल परिक्रममा गर्ने भएका कारण अधिकांश स्थानीयवासी निद्रामा थिएनन्।

त्यसैले आगालागी हुनासाथै सारा टोलवासी हात हातमा बाल्टिन र पितलको गाग्रो लिएर मद्दतको लागि ओइरियो। नजिकैको पुखुसी पोखरीको पानी ओसार्दै आगो निभाउन लाग्यो। तर आगो भने झन झन बढेका कारण स्थानीयवासीले मात्र नियन्त्रणमा लिन सकेन र दमकललाई पनि फोन गरियो। फोन गरेको ४५ मिनेटपछि अर्थात करीव ३ बजेर ३० मिनेट जाँदामात्र दमकल आइपुग्यो।

त्यतिबेलासम्म सो घरको चोटा र बुईंगल सखाप भइसकेका थिए। दमकल आएर पनि पाँच मिनेट पानी छर्कन नपाउँदै पानी सकियो। त्यहीं नजिक पोखरी रहेका कारण पोखरीबाट पानी तान्न अनुरोध गर्दा पानी तान्ने मेशिन बिग्रेको जानकारी दियो। दमकलको भर नपरीकन देशवासीले आफ्नै पहलमा आगो नियन्त्रणमा लिएको थियो। जसबाट अरु घरहरूमा आगोले टिप्न पाएन।

उक्त दिन बेलुका राती १२ बजेसम्म बहाल, मन्दिर परिक्रमा गरि घरपति र पाहुना आएका दुई जना बच्चाहरू आगलागी भएको सो घरमा सुत्न आएका थिए।

आगलागी भएको चाल पाएपछि पाहुना आएका बच्चाहरूलाई बचाउन माथि चोटामा जानुभएका घरधनी कृष्ण महर्जनका श्रीमती हिरामोतीलाई आगोले नराम्ररी दढेको थियो।

उनले आफ्नो ज्यानको बाजी राखी चोटामा सुतिरहेका ५ वर्ष र १२ वर्षका बच्चाहरूलाई आगोबाट बचाउन सफल हुनुभयो। हिरामोती, उनका श्रीमान कृष्ण महर्जन र बच्चाहरू दुईजनालाई शिक्षण अस्पताल महाराजगंजमा औषधोपचार गराइएको थियो। जसमध्ये हिरामोतीको श्रावण २० गते सनिवार अस्पतालमा निधन भयो। उहाँको श्रीमान र ५ वर्षे बालक खतराबाट बाहिर छ भने अर्को १२ वर्षे बालिका अझै अस्पतालमा उपचार गराइरहेकी छिन।

आगलागीवाट क्षतिको विवरण सहित सहयोग संकलन बारे ७ पेजमा



आगलागीवाट क्षतिग्रष्ट घर र आगलागीवाट बच्चाहरूलाई बाहिर निकाल्न सफल भएता पनि आगोले पोलेर निधन भएकी हिरामोती महर्जन

VACANCY

Post : Jobber
Nos : 10
Qualification : Minimum +2 in any discipline
Extra Qualification : Must be expert in word, Excel and Internet Searching & Typing Speed
Salary : NRS 20,000 +
Interested Candidate Ca Apply with their hand written application, CV and testimonials
For More Details Contact

Mobiland Investment Pvt.Ltd
Ph 4332057
(Note : Selected Candidates should be taken paid)

मोबिल्याण्ड इन्भेष्टमेन्ट
लगानीको नयाँ क्षेत्र

तपाई पनि सुन, चाँदी, तामा, पितल, कच्चा तेलको अन्तर्राष्ट्रिय बजार मा सुरक्षित लगानी गरी प्रतिफल पाउन चाहनु हुन्छ भने हामी तपाईलाई सहयोग गर्छौं।

पहिला बुझ्नुहोस, सिक्नुहोस अनि आफूलाई सुरक्षित भए मात्र लगानी गर्नुहोस्।

विस्तृत जानकारीका लागि

मोबिल्याण्ड इन्भेष्टमेन्ट प्रा.लि.

नयाँबजा, कीर्तिपुर, सम्पर्क फोन : ४३३२०५७

खुल्यो ! खुल्यो !

नि-कोरियो हस्पिटलद्वारा सञ्चालित कोरियन क्लिनिक खुल्यो!

यही आषाढ २७ गते बुधवारदेखि सञ्चालित यस क्लिनिकमा वरिष्ठ नशा रोग विशेषज्ञ तथा फिजिसियन द्वारा जाँच तथा उपचार गराई स्वास्थ्य लाभ लिनुहुन हार्दिक अनुरोध गर्दछौं।

हाम्रा विशेष सेवाहरू :–

- हात खुट्टा झमझमाउने, हात खुट्टा नचल्ने
- प्यारालाइसिस, टाउको दुख्ने, ढाड तथा गर्धन दुख्ने।
- साथै नशा सम्बन्धि सम्पूर्ण समस्याको उपचार गरिन्छ।

सम्पर्क :

कोरियन क्लिनिक

लोकतान्त्रिक चोक, नयाँबजार, कीर्तिपुर

मो.नं.९८५११४५६०९ (विनोद कुमार दाहाल)

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

राष्ट्रपतिको प्रयासलाई कसरी लिने ?

नेपालको अन्तरिम संविधान अनुसार हेर्न सकिने, बुझ्न सकिने तर बोल्न र गर्न नसकिने सेरोमोनियल राष्ट्रपतिले पछिल्लो समयमा प्रमुख दलका शीर्ष नेताहरूलाई सामुहिक रुपमा बोलावट गरि दलहरू नमिले भयंकर समस्या आउने घुमाउरो पारामा चेतावनी समेत दिनुभएको कुरा सार्वजनिक भइसकेको छ ।

राष्ट्रपतिको उक्त पहललाई केही व्यक्तिहरूले सकारात्म रुपमा लिएका छन् भने कसै कसैले यो अत्यन्तै आपत्तिजनक भएको कुरा गर्दै हिड्देका छन् । आज दलका नेताहरूलाई बोलाएर कुरा सुन्ने मात्र हैन आफू पनि बोल्ने सुरुवाट गरेका राष्ट्रपति भोली गएर एक्लै हिड्न थाले भने के हुने हो भनी प्रश्न गर्न थालेका छन् ।

राष्ट्रपतिलाई बोल्न बाध्य बनाउने काम पनि प्रमुख दलका नेताहरूले नै गर्दै आएको कुरामा कसैको पनि फरक मत छैन होला । कहिले राष्ट्रपतिलाई सरकार विघटन गर्न उक्साउने त कहिले राष्ट्रपति शासनको कुरा समेत दलका नेताहरूले नै गर्दै आएका छन् । अतः अहिलेको अवस्थामा जुन ढंगवाट राष्ट्रपतिलाई उक्साउने र नेताहरूवीच सहमति नगर्ने मनसायवाट सहमतिको मन्त्र मात्रै जप्दै आएका कारण भोली आफूहरूको कार्यशैली र असक्षमताका कारण मुलुकमा अर्को दुर्घटना पनि हुनसक्छ भन्ने कुरा नेताहरूले बेलैमा बुझ्नु जरुरी छ ।

विश्व आदिवासी दिवसमा जनजातिले के गर्छ ?

श्रीकृष्ण ज्यापु

भोली साउन २५ गते अर्थात अगष्ट ९ तारिखको दिन विश्व आदिवासी दिवस । विश्व आदिवासी दिवसको उपलक्ष्यमा नेपालका आदिवासी जनजाति हरूले विभिन्न कार्यक्रम अयोजना गरि मनाइने त सबैलाई थाहा भएकै कुरा होला । तर यसपालिको विश्व आदिवासी दिवस नेपालका आदिवासी जनजातिहरूका लागि अवसर र चुनौति दुबै साथ साथै आएका कारण विशेष महत्व रहेको पाइन्छ ।

नेपालको राजनीतिमा तरलता मात्र नभई अन्यौलता आइरहेको साथै आदिवासी जनजातिहरूले आफ्नो हक अधिकार स्थापित गर्छ भनी आशा गरेको संविधानसभा नै षडयन्त्रमुलक ढंगबाट विघटन गरिसकेको कारणले नैं यसपालिको विश्व आदिवासी दिवस अवसर र चुनौति संगसंगै आएको भन्न मिल्छ ।

विश्व आदिवासी विगतमा जस्तै परम्पराको रुपमा र आफ्नो हक अधिकार स्थापित हुनु पर्छ भनी आवाज उठाउने र



सांस्कृतिक झाँकी सहितको प्रदर्शन मात्र गरि औपचारिकतामा सिमित नगर्न र अहिलेको राजनीतिक परिस्थितिलाई बुझेर नयाँ राजनीतिक शक्ति निर्माणका लागि नेतृत्वलाई अर्थात विभिन्न राजनीतिक दलमा रहेका र जनजातिहरूकै संगठनमा रहेका आदिवासी जनजाति नेताहरूलाई स्वयं आदिवासी जनजातिका कार्यकर्ताहरूले दवाव दिइरहेको अवस्था छ। यसै वीच आदिवासी जनजातिका अगुवाहरूले विश्व आदिवासी जनजाति दिवसको उपलक्ष्यमा राजनीतिक शक्ति निर्माण गर्नका लागि पहल गरिरहेको अवस्था छ । विभिन्न राजनीतिक दलमा रहेका आदिवासी जनजाति नेताहरू र अन्य राजनीतिक मोर्चाका रुपमा आएका विभिन्न संघ संगठन हरूसंग पनि छलफल जारी राखेको अवस्था छ । यो क्रम विश्व आदिवासी दिवसको अधिल्लो दिन अगष्ट ८ सम्म पनि जारी हुने बताइएको छ ।

यसै वीच नेपाली कांग्रेसका नेता आइवी गुरुङ र एमालेका उपाध्यक्ष अशोक राई सहितका आदिवासी जनजाति नेताहरूलाई आ-अफ्नो पार्टी परित्याग गरेको घोषणा गर्दै नयाँ राजनीतिक शक्ति निर्माणमा जाने घोषणा गर्न लगाउने समेत आदिवासी जनजातिहरूले प्रयास गर्दै आएका छन् । ती जनजाति समुदायका नेताहरूले के गर्ने र कसरी अगाडी बढ्छ भन्ने कुरा भोलीका दिनवाट स्पष्ट हुने नै कुरा हो । आदिवासी जनजातिहरूले अहिलेको अधिकांश दलहरूमा एउटै जातीका समुदायले नेतृत्व गर्दै आएका कारणले आदिवासी जनजाति र राज्यद्वारा बहिस्कर णमा परिएका समुदायलाई संविधानमा हक अधिकार सुनिश्चित गर्नु पर्ला भनी संविधानसभा षडयन्त्रमुलक ढंगवाट विघटन गरिएको ठहर गर्दै आएको अवस्था छ ।

यो अवस्थामा जनजाति नेताहरूले जनजातिहरूको भावना अनुसार नयाँ घोषणा गर्ने प्रतिक्षामा अधिकांश अधिकार मुखि आन्दोलनमा लागेका आदिवासी जनजातिहरूले आशा गरिरहेको भन्ने बुझाईमा कसैमा पनि दुई मत छैन होला ।

च्याउ खेती एक परिचय

केशव महर्जन

नेपाल एक कृषिप्रधान मुलुक हो । नेपालीको मूल उद्यम पनि कृषि नै हो । परम्परागत कृषिलाई आधुनिक र बैज्ञानिक नगदे बालीले दिनप्रतिदिन प्रतिस्थापन गरिरहेको यथेष्ट दृष्टान्तहरूको हामी स्वयम् प्रत्यक्षदर्शी हौं । बेमौसमी तथा नगदेबालीप्रति प्रत्येक नेपालीहरूको गुरूत्वाकर्षण चुलिँदोछ । व्यवसायिक तरकारी खेती, फलफूल खेती, पशुपालन, जडिबुटि खेती, पुष्प खेती जस्ता मनग्गे धन आर्जन हुने क्षेत्रतर्फ दिन दुगुणा रात चौगुणा बृद्धि भैरहेको छ । कृषिप्रधान मुलुक भनिएतापनि बत्ति मुनी अँध्यारो अझै कायम छ । अनेक नगदेबाली मध्ये हाल आएर अत्याधिक आकर्षणको केन्द्रविन्दु च्याउखेती हुँदैछ । हजार जिब्राभएका नागले पनि व्याख्या, विवेचना वर्णन गर्न नसक्ने च्याउ खेतीका केहि मूलमूल विशेषता, लाभ, आवश्यकता सम्बन्धमा थोरै शब्द खर्चिने कुचेष्टा यो पंक्तिकारमार्फत हुँदैछ ।

वि.स. २०४६ सालको संबैधानिक राजतन्त्रात्मक बहुदलीय प्रजातन्त्रको पुनः स्थापना पश्चात संस्थागत रूपमा च्याउखेती फस्टाउँदै गरेको इतिहास छ । त्यसलगत्तै ०६२/६३ को जनआन्दोलन सुपरहिट भएपछि तीब्रत्तर गतिमा च्याउखेती थप आकासिदै गइरहेको छ । आ.व. ०६९/७० सालको आगमनसम्म पनि अति उत्साहजनक तवर ले च्याउखेती झनै फस्टाइरहेको छ। सयौं थरीका च्याउका प्रजातिहरूमध्ये चैत्र बैशाखमा एक प्रजातिको च्याउको व्यापार अतुलनीय रूपमा बृद्धि हुन्छ । विकासे च्याउको प्रचार प्रसार र विक्रि प्रवर्द्धन गर्न करोडौं खर्चिएर युरिया, पोटास र अन्य रसायनिक मल पत्रपत्रिका, एफ.एम, टि.भि., अन लाइन र ठूल-ठूला होडिङ्ग बोर्डमा छर्किन्छन् । यस्तै अविर ल मलजल एवं गोडमेल गरीकन लिटल एन्जल्स्, रातो बंगला, जेम्स्, आइडल मोडल, राई , ज्ञानोदय बालबाटिका, आदर्श, शुभतारा आदि इत्यादि ब्राण्डका च्याउ बजारमा स्थापित भैसकेका छन् । काठमाडौंका जस्ता महंगा, स्वस्थकर र गुणस्तर च्याउ त कीर्तिपुरमा छैनन् तर पुष्पसदन, क्रियटिभ, उज्जवल ब्राण्डका च्याउ भने कीर्तिपुरको भूमीमा उत्पादन हुने अन्य ब्राण्डका च्याउका तुलनामा न्यून आय भएकाकानिम्ति आर्थिक दृष्टिकोणबाट हानिकारक छ। हुन त त्यस्ता निजी र आवासिय च्याउ हुर्काउन बेलाबेला ओखती छर्किनुपर्छ, कम्पाउण्ड कुर्न सुर क्षागार्ड उभ्याउनुपर्छ, मलपानीको जरूरी पर्छ, बिज्ञापनीक खर्च हुन्छ, जे.टि. ए. लाई पाल्नुपर्छ, प्रशासनीक खर्च हुन्छ । निसन्देह सरकारी र सामुदायिक ब्राण्डका च्याउभन्दा स्वतः निजी र आवशिय ब्राण्डका च्याउ महंगीने नै भयो। च्याउ खेती गर्दा समेतै घर घडेरी, गर गहना, प्रशस्त बैंक व्यालेन्स, सवारीसाधन सातपुस्तासम्म सुरक्षित गर्न नसकिए च्याउ खेतीजस्तो परम गरीमामय समाजसेवामा प्रबेश गरेको नै के अर्थ रहयो। यहि महान् महत्वलाई मध्यनजर गर्दै बार्षिक रूपमा च्याउ प्रर्दशनी र प्रवर्द्धन मेला आयोजना गर्ने आयातित संस्कृतिलाई केहि नव एन.जि.ओ. तथा इभेन्ट म्यानेजमेन्ट कंम्पनीले स्थापित र संस्थागत गर्दैछन् ।

एस.एल.सी.को नतिजा प्रकाशनलगत्तै थरीथरीका, प्रकारप्रकार का, किसीमकिसीमका अनेक नामधारी निजी च्याउ बेच्न ब्यापार ीहरूको ओलम्पिक श्री गणेशाय: हुन्छ। आफ्नो च्याउको विक्री बढाउन कान्तिपुर, नागरिक, नयाँपत्रिका, अन्नपूर्ण, राजधानी, समाचारपत्रका भित्ताहरू रङ्ग रोगन गर्छन् । सिटिजन्स्, इमेज, सगरमाथा, मेरो, उज्यालो, स्टार, मैत्री, रेडियो राजधानी, टाइम्स्, क्यापिटल, क्लासिक, हिट्सजस्ता फ्रिक्विन्सी मोडुलेसनका रेडियो तरङ्गहरू पनि च्याउ व्यापार ीकै कब्जामा रहन्छ । त्यस्तै एभिन्यूज, न्यूज २४, कान्तिपुर, एन टि.भि.,सगरमाथा, माउण्टेन, ए.वि.सी.,तराई, हिमालयका रंगिन पर्दाहरू समेत तीनै व्यापारीहरूकै बलियो निरन्त्रणमा रहन्छ। नेपालका मौलिक शब्दकोषहरूको स्वर्गारोहण भएर हो वा आफूलाई रंगाएर अत्याधुनिक कहलाउन च्याउका प्रख्यात व्यापारीहरूले विदेशी नामबाट बजारिकर ण गरिहेको पाइन्छ । NASA, White House, Golden Gate, Florida, Trinity, Pentagon, Liverpool, White Gold, Mega, Texas, Barsa, Chelsea, Times, Columbus, Cambridge, Oxford, Nightingale, Morgan आदि अत्याधिक जनश्रुतिमा आएर बजारमा देखिएका विदेशी न्वारणका महंगा स्वदेशी च्याउहरू हुन् । यस्को बाहिरी प्याकेजिङ्ग तुलनात्मक हिसाबले रङ्गीचङ्गी नै हुन्छ तर त्यसमा रहने पौष्टिक तत्वहरू भिटामिन, प्रोटिन, मिनरलबाट भने शारीरिक र आर्थिकरूपमा घातादायक नै हुन्छ । मिडियामा नाक, कान, थुतुनो देखाउने लोभ सकललाई हुन्छ । काम कुरो एकातिर कुम्लो बोकि ठिमितिर भनेझैं राष्ट्रिय दलका सम्मानीय हलीतिघ्रे विद्यार्थी संगठनहरू पनि तीनै च्याउको नामाकरण नीलो, कालो, हरियो, रातो, पहेंलो, छिरबिरे विदेशी रङ्गका हुनु हुदैन भन्दै राता ध्वजासहित च्याउ फर्मका गेट छेउछाउ ढुङ्गामुढा, तोडफोड र आगजनी गरी घोक्रो सुकाउदै उफ्रिरहेका छन् । साइनबोर्डहरूमा कालो पोति त्यहि बिज्ञप्ति ताँस गरीकन निशुल्क राष्ट्रिय मिडियामार्फत आफ्नो विज्ञापन भजाउन पनि सफल भएका छन् ।

प्रकार प्रकारका च्याउमध्ये "राष्ट्रको चौथो अङ्ग' ब्राण्डका च्याउहरूले पनि बजार तताउन सफलै भएको छ । वि.स. ०४६ सालको जनआन्दोलनपश्चात पुरै दक्षिणएसियामै सबैभन्दा बढि यहि ब्राण्डको च्याउको चर्चा परिचर्चा छ। यस प्रजातिका च्याउका खेती गर्ने उद्यमी र त्यहाँ कार्यरत कर्मचारीलाई राज्य आर्थिक र भौतिकरूपमा विशेष सम्बोधन गरेको हुन्छ। प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, जनतन्त्रको पूर्ण सदुपयोग गर्दै यी कृषकहरूले जहाँ, जतै, जेसुकै कार्य गर्दा पनि चुँ गर्नुहुदैन । स्वतन्त्रता हननको नाममा तु मुद्दा दायर हुन्छ । बौद्धिक, बुद्धिजीवि, जान्नेसुन्ने वर्गका च्याउ उत्पादक वहाँहरूमा तिललाई पहाड पहाडलाई तिल , कालोलाई सेतो सेतोलाई कालो, सत्यलाई गलत-गलतलाई सत्य, बाङ्गोलाई सीधा, सीधालाई बाङ्गो पार्ने खास हैसियत, तागत र सामर्थ्य राख्नुहुन्छ। त्यहि तागत, हैसियत र सामर्थ्यको चरम लोकतान्त्रिक अभ्यास आदिबासी जनजातीको आन्दोलनमा गर्नु भयो र सफल पनि हुनुभयो।

नाना थरीका च्याउका नाम स्मरण गर्दा 'सहकारी' ब्राण्डका च्याउको नाम भुल्नु महाअपराध ठहरेला। कीर्तिपुर लागामा यस प्रजातिको च्याउ टोलैपिच्छे घरघरमा उत्पादन भैरहेको छ । न्यून पूँजी, अधिक लाभ, सरल, सुलभ, विना झन्झट यस प्रजातीका च्याउ उत्पादन हुने भएकाले एक दशक नबित्दै सहकारी ब्राण्डका च्याउ उत्पादन गर्ने फर्म कीर्तिपुरमा मात्रै चार दर्जन कटिसकेकोछ । आ.व. ०६७/६८ को आकडा अनुसार मुलुकभरि हाल २३,३०१ र काठमाडौंमै मात्र ४,८६५ सहकारी ब्राण्डका च्याउहरू बजारमा सर्वसुलभ ढङ्गबाट उपलब्ध छन् ।

राजनितिक छलाङ्ग, निरन्तरको क्रमभङ्गता, र ऐतिहासिक फड्काले ०४६ तथा ०६२/६३ लगत्तै सयौ प्रजातिका आसरे च्याउ उत्पादक समेतलाई अतुलनिय प्रतिफल प्रदान गरेको छ । " म्यानपावर" ब्राण्डका च्याउ मलेसिया, दुबई, कतार, कुबेत, साउदी जस्ता खाडी मुलुकमा निर्यात गरी आजसम्म देशकै अर्थतन्त्र धानिरहेको छ । आर्थिक, सामाजिक, शैक्षिक, औद्योगिक भ्यागुते उफ्राईमा बृहत्त योगदान दिने गौरवमय तथा महान् राष्ट्रवादी च्याउ उत्पादक फर्मलाई राज्यले बर्षेणी प्रदान गर्ने मानपदवी, अलंकार, कदरपत्र, मेडलले तीनलाई पनि सम्मान गरिनुपर्छ । दोहोरो अङ्गको आर्थिक बुद्धि, राष्ट्रिय आम्दानीमा सुधार, कुल ग्राहस्थ उत्पादनमा व्यापक उन्नती, रोजगारी सृजना, विदेशमा पूजी र जनशक्ति पलायनबाट रोक लगाएको पुरस्कार स्वरूप च्याउ उत्पादकहरूका फर्मलाई सुन्य करको सुविधा प्रदान गरी जनस्तर बाटै गाउँगाउँ, टोलटोल, वडावडाबाट स्थानीय क्लब, महिला समूह, उपभोक्तावादी, मानवअधिकारवादी र अन्य सम्बन्धित जननिकायमार्फत अभिनन्दन गरी सिन्दुरे जात्रा गर्न हतारिनु पर्ने आवश्यकताको सृजना भैसकेको छ । k_sav@yahoo.com

हार्दिक श्रद्धाञ्जली

मेरो छोरा जनकलाल महर्जन र बुहारी शोभा महर्जनको सुपुत्र, मेरो नाती **सौहार्द महर्जन**को यही श्रावण ११ गते विहिवार १७ वर्षको अल्पायुमै असामयिक निधन भएको श्रावण २३ गते तेह्रौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा हामी प्रति सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इस्टमित्र तथा शुभेच्छुकहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

स्व. सौहार्द महर्जन

जन्मः २०५२ मंसिर २८ गते
स्वर्गारोहण : २०६९ श्रावण ११ गते

बज्यै– चन्द्रमाया महर्जन

बुबा/आमा– जनकलाल महर्जन / शोभा महर्जन
दिदी – ज्योत्सना महर्जन

फुपू /फुपाजु – गणेश कुमारीमहर्जन/राकेश महर्जन
दिदी – रुकसना महर्जन
भाइ – रुसेस महर्जन
फुपू/फुपाजू – धनदेवी महर्जन/ उमेश महर्जन
दाइ – निसाद महर्जन
बहिनी – निभा महर्जन

काका/काकीहरू –
ईश्वरलाल महर्जन/ कमला महर्जन
मखनलाल महर्जन/ रुपा महर्जन
चन्द्रलाल महर्जन/ रुपा महर्जन
बुद्धिलाल महर्जन/सुर्जलक्ष्मी महर्जन

दिदी –इलिना महर्जन
दाई– रिसब महर्जन
बहिनीहरू रितीका महर्जन, रुचिता महर्जन, सृष्टिका महर्जन, खुसी महर्जन
भाइ– स्वर्णिम महर्जन

महर्जन परिवार

शहिदपथ, पाँगा, कीर्तिपुर –९

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा ——— नेपाली भाषा

कँय् - काँस
सिजः - तामा
भिम्पू – मूगा
हेरा – हीरा
लुँ - सुन
थी – रत्न
मोति – मोती
वह – चाँदी
लासा – गलैंचा
ख्वाःपाः – मुकुण्डो
पौभाः - पौभाः चित्र
द्यः – मूर्ति
खसु – कुहिरो
पुगाःगु – तुसारो
पौं – असिना
पल्पसा – बिजुली
च्वापु – हिउँ
वाफय् – हुरी
नँ न्याःगु – मेघ
गर्जन
म्ह – शरीर
न्हाय्पं – कान

जिके चाःचू मदु –
मसँग खुद्रा पैसा छैन ।
ला छगू किलोया गुलि ? -
मासु किलोको कति हो ?
नलू जक कायेगु –
फलमासु मात्र लिने ।
प्याथः मवयेक –
लाम्टो नआउने गरी ।
दाः तया दिइ मते –
बोसो नराख्नुस् ।
ला त्यानाः बिया दिसँ –
मासु टुक्राटुक्रा पारिदिनुस्
व लाकां छकः स्वये –
त्यो जुत्ता एकचोटि हेरुँ ।
स्वयादिसँ – हेर्नुस् ।
तप्पा जुल – ठूलो भयो
थ्व थिक जुइमाः –
यो ठीक्क हुनुपर्छ ।
चिप्पा जुल –सानो भयो
ग्वालि दुगु मयः -
अग्लो कुर्कुच्चा भएको
मन पर्दैन ।
मस्तय्गु लाकां दु ला ?
– बच्चाहरूको जुत्ता छ
छिथाय् अंगू दु ला ?–
तपाईंकहाँ औंठी छ ?
बांलाःगु छपाः क्यनादिसँ
–राम्रो एउटा देखाउनुस्

नगां ज्ञानमाला खलः द्वारा सम्मान गर्ने

कीर्तिपुर सन्देश

कीर्तिपुर नगरपालिका वडा नं. १६ स्थिति नगां ज्ञानमाला भजन खलः नगां द्वारा यही श्रावण २५ गते विहिवार कृष्णजन्माष्टमीको अवसरमा कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँमा स्थायी बसोबास गरी बसेका एस.एल.सी.–२०६८ मा उतीर्ण हुने विद्यार्थीहरूलाई एक समारोह वीच सम्मान गर्ने भएका छन ।विगत ८ वर्षदेखि निरन्तर रुपमा आयोजना गर्दै आएको उक्त कार्यक्रम बेलुका ८ बजेदेखि सुरु हुने भएको छ ।

उक्त दिन ज्ञानमाला भजन पनि हुने र सम्मान कार्यक्रमपछि सांस्कृतिक कार्यक्रम पनि हुने भएको कुरा बृद्ध सेवा समितिका अध्यक्ष हीरा डंगोलले जानकारी दिनु भएको छ ।

प्रथम गणेशमान स्मृति बास्केटबल उपाधी नेशनल कलेजको हातमा

नवीन महर्जन

प्रथम वीर गणेशमान स्मृति अन्तर कलेज प्लस २ बास्केटबल प्रतियोगिताको उपाधि नेसनल कलेजले गोल्डेनगेट इन्टरनेशनल कलेज 'ए' टिमलाई ६४-४७ले पराजित गरी हात पाऱ्यो ।

नेसनलको जितमा शाश्वत विक्रम सिंहले १६ अंकको योगदान गरेका थिए । गोल्डेनगेटका अजय नेपालीले सर्वाधिक २३ अंक जोडेका थिए । तर त्यो अंक जितको लागि फलदायी भएन । यस प्रतियोगिताको पहिलो क्वटरमा नेसनलले १२-६को अग्रता लिएको थियो । त्यसैगरी नेसनलले दोस्रो क्वाटर मा ९-८ को अंक तेस्रो क्वाटर मा १९-११ तथा अन्तिम क्वार्टर मा २४-२२ स्कोर गरेर जित सुनिश्चित गरेका थिए ।

नेसनल कलेजले उपाधि सँगै नगद रु. २० हजार पुर स्कार हात पारेका थिए भने उपविजेता गोल्डेनगेटले रु.१० हजार पुरस्कार प्राप्त गरेका थिए ।

दशरथ रंगशालाको कभर्डहल मा सम्पन्न फाइनल खेलमा नेसनलका छिरीङ शेर्पा 'मोस्ट भ्यालुएबल प्लेयर' घोषित भई रु. ५ हजार जितेका थिए । त्यसैगरी युनाइटेड एकेडेमी अनुशासीत टिमको रुपमा घोषणा गरेका थिए ।

गत साउन ५ गतेदेखि १७ गतेसम्म सञ्चालित यो प्रतियोगितामा २४ टिमको सहभागीता रहेका थिए । विजेता र उपविजेता टिमलाई प्रमुख अतिथि नेपाली कांग्रेसका महमन्त्री प्रकाशमान सिंह, अतिथी गगन थापा लगायतले पुरस्कार वितरण गरेका थिए भने फोटो पत्रकार श्याम चित्रकार तथा राखेपमा कार्यर त सानुकाजी महर्जनलाई दोसल्ला ओढाई सम्मान गरि एको थियो ।

पुष्पलाल स्मृति अन्तर कलेज चेस च्याम्पियन बन्न हिमाल सफल

स्वतन्त्र विद्यार्थी युनियन काउन्सिल नेपालद्वारा आयोजित पुष्पलाल स्मृति अन्तर कलेज चेस च्याम्पीयनसिपको उपाधि अन्नपूर्ण उच्च मा.विका हिमाल लामाले जितेको छ । स्वीस लीग प्रणाली अनुसार नौ चरणसम्म खेलाइएको यस प्रतियोगिता हिमालले ७ जीत २ मा बराबरी खेली कुल अंक ८ साथ प्रथम भएको थियो ।

उपाधिसँगै हिमालले रु. १८ हजार जितेको थियो भने महेन्द्र रत्न क्याम्पसका श्याम बाबु शाह ७ दशमलब ५ अंकका साथ दोश्रो भई १२ हजार हात पारेका थिए । त्यसैगरी टाइम्स कलेजका विवेक लामाले ७ अंक ३८ दशमलव ५ प्रोग्रेसिभ अंक ल्याई तेस्रो भई ७ हजार नगद पुरस्कार पाएका थिए ।

यस प्रतियोगिताको चौथो देखि दशौं स्थानसम्म आउने खेलाडिहरूलाई जनही २/२ हजार पुरस्कार स्वरुप प्रदान गरेका थिए ।

ओलम्पिकमा सर्वाधिक पदकको नयाँ रिकर्ड राख्न माइकल फेल्प्स सफल

खेलकुद महाकुम्भको रुपमा लिने ११६ वर्षको ओलम्पिक इतिहासमा सर्वाधिक ओलम्पिक पदन जित्ने कीर्तिमानी खेलाडि बन्न माइकल फेल्प्स सफल बनेको छ ।

लण्डन ओलम्पिक २०१२मा अमेरिकी पौडीबाज फेल्प्स को टिमले ४ गुणा २ सय मिटर फ्रिस्टाइल रिले टिम स्पर्धामा स्वर्ण जितेर यस अघि सोभियत संघकी जिम्न्यास्टिक खेलाडि भारिसा लातियानाले सर्वाधिक १८ पदक जितेको कीर्तिमानलाई उछिनेका थिए । २७ वर्षका फेल्प्सको यो चौथो पल्ट ओलम्पिकमा सहभागी खेलाडि थिए । सन २००८ को बेइजिङ ओलम्पिकमा फेल्प्सले आठ स्वर्ण जितेका थिए ।

ओलम्पिक खेलको इतिहासमा ट्याक एण्ड फिल्डका जेस ओवेन्स पनि निकै सफल खेलाडिको रुपमा लिन सकिन्छ ।

बर्लिन ओलम्पिकमा १०० मिटर, २०० मिटर, ४ गुणा १०० रिले र लङजम्पमा स्वर्ण जितेर बर्लिन ओलम्पिकको हिर ो बन्न सफल भएको थियो त्यस्तै रिकर्ड राख्ने अर्को खेलाडि हो अमेरिकाको कार्ल लेनिसले सन १९८४ को लस एन्जलको ओलम्पिकमा पनि जेस ओवेन्सले जस्तै १०० मिटर २०० मिटर ४ गुणा १०० मिटर रिले र लङजम्पमा स्वर्ण पदक हात पारेका थिए भने उनले सहभागीता जनाइएको चारवटा ओलम्पिकमा लङजम्पमा स्वर्ण पदक जित्न सफल महान खेलाडि थिए । त्यसैगरी पौडीका मार्क स्पिट्ज अर्को सफल खेलाडि हो । उसले ओलम्पिकमा ९ स्वर्ण १ रजत र १ कास्य हात पारेका थिए ।

यस लण्डन ओलम्पिक-२०१२को २०० मिटर इन्डिभ्युजल मिडलेमा माइकल फेल्प्सले स्वर्ण जितेर ओलम्पिक पदक संख्या २० पुऱ्याइएको छ । आफ्नै राष्ट्रका प्रतिद्वन्दी र ायन लोच्टेलाई पछि पारेर यो ओलम्पिकमा दोस्रो स्वर्ण पदक जित्न सफल भएको छ । उसले १०० मिटर बटरफ्लाईमा स्वर्ण र ४ गुणा १०० मिटर पनि स्वर्ण जितेर १८ स्वर्ण, ३ रजत १ कास्य गरी कूल २२ पदक हासिल गरी ऐतिहासिक रिकर्ड कायम गर्न सफल भएको छ । यसरी फेल्प्स ओलम्पिक खेलमा सर्वाधिक पदक हासिल गरेर ओलम्पिक हिरो बन्न सफल खेलाडि भएको छ । फेल्प्सको यो अन्तिम ओलम्पिक हो ।

ओलम्पिकमा नेपालको प्रदर्शनको बारेमा कुरा गर्दा श्रेया धितालले १०० मिटर फ्रीस्टाइलमा १०.८२ सेकेण्डमा दुरी पुरा गरी नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेको छ भने अरु बाँकिले स्तरीय खेल प्रदर्शन गर्न सकेन । त्यसमध्ये सबभन्दा फितलो प्रदर्शन गत शुक्रवार १०० मिटर दौडमा प्रमिला रि जालले १३.३३ सेकेण्डमा पार गरेर देखाएको छ । उनको उत्कृष्ट समय १२.०६ थियो सो समेत तोड्न सकेन यसको कार ण विरामीलाई देखाइएको छ । यसरी नेपालको प्रदर्शन यस ओलम्पिकमा पनि औपचारिकता सिमित रही समाप्त भइसकेको छ ।

नयाँ शो रूम खुल्यो

CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सले अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।

युनिक टेलर्स नयाँबजार, फोन ४३३१०७८

बार्षिक २ सय रुपैंयामा ग्राहक बनौं
कीर्तिपुर सन्देश अफ्नै घरमा बसेर पढौं
कीर्तिपुर र देशको समाचार तपाईको कोठामा

सम्पर्क
कीर्तिपुर सन्देश साप्ताहिक फोन
४३३३००७/९८४१४०१०७७

थुनुवाको डायरी–५३

२०६७/०८/२३ बिहिबार चौसाठी दिन

आज ४.३० बजे मेरो निद्रा खुल्यो । ज्याकेट लगाएर बाहिर गएँ । नित्यकर्म गरें । देवी देवताको दर्शन गरें । आज कीर्तिपुर डाँडामा बत्ती बलेको देखिन्छ । सायद त्यहाँ लोडसेडिंग छैन होला । कोठामा आएर थरमसबाट तातोपानी झिकेर कफी बनाएर खाएँ । आज जस्तामा शीत झरेको आवाज आएको छैन । सायद आज त्यति जाडो हुँदैन होला ।

कोठामा बसेर डायरी लेख्न थालें । हिजो दिनेशले भनेको कुरा याद आयो । हिजो उसको जेठो छोरो उसलाई भेट्न आएको थियो । इण्डिया घुम्न जान दश हजार रुपैया माग्यो । दिनेशसँग पैसा छैन । पैसा नभएर त नजरराम अंकलसँग ५००।-रुपैया सापत लिएर काम चलाइरहेको छु भन्यो । उसको छोराले को नजरराम अंकल भनेर सोध्यो । यहिं कीर्तिपुरको हुनुहुन्छ । पशुपति दाइको पनि साथी हुनुहुन्छ । के केसमा आएको भनेर छोराले सोधेछ । केटीहरूको छाती समात्यो भनेर झूठै जाहेरी दिएपछि गिरफ्तार गरेर मुद्दा चलायो । अहिले पुर्पक्षको लागि यहाँ थुनामा राखेको छ । उसको यो कुराले उसको छोरा झस्क्यो रे । अनि भन्यो, "हामी त क्याम्पसमा केटी साथीहरूसँग मौका मिल्नासाथ छाती छामेर हेर्थें । कसको साह्रो छ ? कसको गिलो छ ? कसको कत्रो छ ? हामी साथीभाइमा गफै यस्तो हुन्छ । हाम्रो लागि त यो छाती छाम्नु साधरण कुरा हो । केटीहरूले पनि विरोधै गर्दैनन् । यो त खतरनाक खेल रहेछ । अबदेखि म आफ्नो केटी साथीको बाहेक अरूको छाती छुँदिन ।"

"त्यो छाती छोएर खेलेर हिंडने होइन । तँलाई मन परे खुरुक्क घरमा ल्याउ । खाना बनाउन लुगा धुन बहिनीलाई पनि सजिलो हुन्छ । अर्को मान्छे खोज्नु पर्दैन ।" "भनेको त हो नि । नोकरनी बनेर तेरो घर स्याहार्न आउन सक्दिन भनिन । धेरै पढ्ने, राम्रो जागीर खाने अनि एउटी नोकरनी राखेर मस्तिले जीवन गुजार्ने भन्छिन । त्यसैले काम गर्ने एक जना केटी राख्नु पर्छ ।"

"पशुपति दाइलाई भनेको छु । आजकल काम गर्ने मान्छे भन्ने बित्तिक्के कहाँ पाइन्छ ?" दिनेशको छोरा अहिले १९ वर्षको छ । ऊ एउटा प्राइवेट क्याम्पसमा बाणिज्य संकाय १२ कक्षामा पढ्छन् । घरमा आमाबाबु छैनन् । उसले बहिनी र भाइको अभिभावकको भूमिका निभाइरहेको छ । अहिलेदेखि यस्तो बानी छ भने भोलि कस्तो होला ? आजकल प्लस टू को संस्कारै सेक्स फ्री भैसकेका छन । कस्तो जमाना आयो । छाती नापेर हिंडनेहरूले सेक्स पनि त एक्सपिरेन्स गर्ने भनेर गर्छन होला । अनि प्रेम विछोड भएपछि आत्महत्या गर्छन, अनेकौं कर्तुत गर्छन । आफ्नो प्रेम सफल बनाउन त निर्मलाले मलाई यसरी फसाइन ।

मलाई एउटा कुराले प्रभावित पार्‍यो । त्यो के हो भने इच्छा बेगर होस या सहमतिमा होस केटीहरूको छाती समातेर खेल्यो भने उनीहरूले प्रहरीमा रिपोर्ट गर्ने बित्तिक्कै जेलमा बस्नुपर्छ भन्दा दिनेशको छोराले अब आइन्दा आफ्नो केटीसाथीसँग बाहेक अरूसँग चल्दिन भन्यो । मेरो कारण केटामा त्यति त ज्ञान आयो भनूं या डरायो । जे होस उसले आफ्नो बानी व्यवहार सुधारोस् । त्यस्तै मेरो गाउँ टोलका केटाहरूले पनि त्यस्तै चरित्र सुधार्ने काम गर्‍यो भने मेरो लागि खुशीको कुरानै हुनेभयो । मैले आफूले सजायँ भोगेर भएपनि अरुको बानी सुधार्न मद्दत गरेको छु । मेरो बारेमा झूठै भएपनि छोरालाई भनेकोमा दिनेशले क्षमा याचना गर्‍यो । मैले सहज रुपमा लिएँ ।

भोलि १७ नं. पुनरावेदनमा मेरो पेशी छ । बहस होस । म सामान्य तारिखमा छुट्न पाउँ । भोलि छुट्ने पत्र पाएपनि आइतवार नभै घर जान पाउँदिन । त्यतिबेलासम्म म घर बाट निस्केको ८० दिन पुग्नेछ । यदि यो संसारमा भगवान छ भने मैले न्याय पाउनु पर्छ ।

५.४५ मा नम्बर खुल्यो । जुत्ता लगाएर बाहिर घुम्न गएँ । एक कप चिया पिएर ओमशान्तिमा गएँ । आज विहिवार बाबालाई भोग चढाएर परसाद वितरण गरियो । परसाद लिएर चन्दा बाकसमा केही रुपैया राखेर बाहिर आएँ ।

आज विहान ८ बजेनै लोडसेडिंग भयो । कोठा अँध्यारो छ । त्यसैले किताव लिएर बाहिर गएँ । घाम ताप्दै किताब पढ्न थालें । ९ बजे होटलमा गएर चीनि नभएको चिया दिनुस् भन्दा छैन भन्यो । चिया नखाईकन आएँ । मन्दिर प्रागणमा बसेर गफ गरिरहें । आजकल जो पनि मसँग गफ गर्न चाहन्छन् । मलाई भने चाहिने नचाहिने कुरा गर्नै मन लाग्दैन । तर पनि के गर्ने ? कुरा गर्न आएपछि गर्नै पर्‍यो ।

१० बजे हिजोको बाकी मासु लिएर भान्सामा गएँ । लोडसेडिंग भएकोले मासु तताउन पाएन । चिसै भएपनि आधा दिउँसो खाजा खान राखेर आधा भातसँग खाएँ । आज भेटघाटमा कोही पनि आउँदैन होला । छोराले त आज नआउने भनेरै गएको थियो । जुजुभाइ र रामकृष्ण आइसके । मैले राजकुमार नकर्मिलाई बोलाएको छु । आज पत्र पुग्यो भने भोलिमात्र आउँछ होला । अरु त को आउला र ? म बाहिर ग्राउण्डको प्यार ाफिटमा बसेर किताब पढिरहें । आज ग्राउण्डमा क्रिश्चियन–हरूको के कार्यक्रम छ भनेर हामीलाई उठायो । म कोठामा आएँ । आज मलाई केही गर्न मन लागेको छैन । एक छिन पल्टेको त निदाई हालें ।

दिउँसो १ बजे मेरो निद्रा खुल्यो । भेटघाटमा कोही आएन भने साढ्ढे बोर लाग्न थालेको छ । १.३० बजे बाहिर गएको त आज क्रिश्चियन हरूको कार्यक्रम नहुने भयो भनेर ग्राउण्डमा भलिबल खेल्न थालेको छ । चिया पसलमा गएर एक कप चिया पिएँ । थाई कफी एक प्याकेट रु.८०मा लिएँ । त्यसपछि कोठामा आएर "जिन्दगीका डोबहरू" उपन्यास लेख्न थालें । तीनबजे भेटघाटको समय सकिएपछि मासु र चिउरा लिएर भान्सामा गएँ । मजाले खाएँ ।

घरको खाजा खाएको देखेर अरूले ईर्ष्या गरे । घरबाट माया पायो भने ईर्ष्या गर्छन् । घरबाट भेटघाटमा कोही पनि आएन भने हेला गर्छन । साँझको ५.३० मा खाना खाएर कोठामा आएँ ।

लोडसेडिंग भएकोले रेडियो सुन्दै पल्टिरहें । आज ८ बजेमात्र बत्ती आउँछ । बत्ती भैदिएको भए किताब पढ्न या उपन्यास लेख्न मिल्थ्यो । यदि म भोलि छुट्न पाइएन भने इमरजेन्सी लाईट मगाउनु पर्ला । ७ बजे ओमशान्तिमा गएँ । ध्यान बसें । आज किशोर गुरुंगको मुरली पढ्ने पालो । ऊ नआएर खेमराजले पढ्यो । ८ बजे लाईन आयो । हेलोजिन हिटर बल्यो । जुन हिटर किन्न मैले रु.२००।- चन्दा राखेको थिएँ । आज ९.३० बजे नम्बर लाग्यो । म पनि सुतें । क्रमशः

राम महर्जनका दुई कविता

राजभोगको मिति भएसम्म

कोही भन्छ ताँसियो सत्तामोहमा
फलामका टुक्राहरू चुम्बकमा झै
विपक्षी भाइहरू कराउँदैछन
असंवैधानिक राज कति चलाउँछौं ?

ज्यान गए जावस शासन नजावस
देशी विदेशी सबै मनाई
बल्ल पाएको मेरो यो राजभोग
किन छोडुँ नी मैले कागहरू कराउँदैमा

पुरातन समाज यस्तो भन्थे
काल नआएसम्म कोही मर्दैन
यस्तै चाला यो देशको राज
समय नआई कोही छोड्दैन

नेपाल यो देशमा
समय सापेक्ष यसरी नै
सिकाई गएको इतिहास साक्षी
भएरै पो अहिलेको तमासा

राजभोगको मिति भए सम्म
यमराज आए पनि फर्की जान्छ होला
जब आईपुग्छ अन्तिम समय
तब जानेछ सजिलै वहाँ

कीर्तिपुर शहर

इतिहास बोकेको कीर्तिपुर शहर
कुनै बेला दलिय नेताहरू लुकेको शहर
ती नेताहरूले सरकार चलाए पनि
खासै वास्ता नगरेको शहर ॥
भन्ने गर्छन सबै नेताहरू
कीर्तिपुरेहरू बहादुरी छन
बहादुरीको कदर त्यतिबेला मात्र
जति बेला आन्दोलन हुने गर्छ ॥
कीर्तिपुर सन्देश निस्केको शहर
परम्पराको संस्कृतिमा रमाएको शहर
नेताहरूको सन्देश बोकेको शहर
आफै नेता बन्न चुकेको शहर ॥
पचासौं वर्ष देखि आजसम्म पनि
कार्यकर्ता मै सिमित शहर
सूर्य उडाई उज्यालो भएर पनि
सधैं छायामा परी सूर्य अस्ताएको शहर ॥
बल्ल एक लालीपप हातमा परेको पनि
मुखमा हाली रसाउन नपाउँदै
दाँतमा ठोकी भुईमा खसेको हेरि
चित्त बुझाई बस्नु परेको शहर ॥
कीर्तिपुरेहरूको सुस्त चेतनालाई
जगाउने काम गर्‍यो कीर्तिपुर सन्देशले
यही पत्रिकाको स्वर्ण अंक खुशियालीमा
धेरै धेरै धन्यवाद पत्रिका परिवारलाई ॥

नेपालभाषामा कविता र खस भाषामा गजल – साहित्य

भिन्तुना दु भिन्तुना

–रमेश मान महर्जन

५० औं अंक पुरा जूगु उपलक्ष्य
दुनुगलंनिसें भिन्तुना
हजारौं अंक पिकाय फयमा
उज्ज्वल भविष्यया लागि मन्तुना

कीर्तिपुर सन्देश लोकप्रिय जुइमा
पत्रिकाया स्तर थहाँ थहाँ वनेमा
किपू लागा हाचां गाया
देन्यंक सन्देश छ्वये फयेमा

बिचाः धैगु माहान जुइमा
सकसिगु ग्वाहालि कायेगु स्वयेमा
न्हयाम्हसें न्हयाग्गु धाःसां न्यनेमा
सन्देश धैगु निष्पक्ष जुइमा

सगरमाथा गया व नाँजाःपिं
हिलारी व तेन्जिङ्ग धाःपिं
मेहनत व परिश्रमं याना
विश्वय् बांलाःगु ज्यायापिं

कीर्तिपुर सन्देश हिम खुसी थें
सलल न्हयाबलें न्हयाना च्वनेमा
कलमया भरय् म्वाना च्वनेमा
सुर्यौया जः जुया सः तये फय्मा

गजल

जिन्दगी

– पिंकेश श्रेष्ठ

कहिले लिने त कहिले दिने जुवा हो जिन्दगी !!
कहिले अडिक त कहिले उडने भुवा हो जिन्दगी !!
दुःखमा आँसु कम हुँदैन सुखमा हाँसोको सिमा हुँदैन !!
कहिले तितो त कहिले मिठो खुवा हो जिन्दगी !!
कहिं सफलताले सिखर चुम्छ
कहिं असफलताले ज्यान लिन्छ !!
कहिले बल्ने त कहिले निभ्ने धुवाँ हो जिन्दगी
अघि बढे तान्छ खुट्टा पछि परे हात दिन्छ !!
कहिले फ्याल्ने त कहिले सोस्ने रुवा हो जिन्दगी !
सपना कतै पुरा हुन्छ कतै टुटी चकनाचुर हुन्छ !!
कहिले तैरिने त कहिले डुब्ने कुवा हो जिन्दगी !!
कहिं दशा लागि खतम कहिं भाग्य चम्कि रमझम !!
कहिले श्राप त कहिले यो दुवा हो जिन्दगी !!

बिचाः हायेका



मदुम्ह भाजु धनबहादुर महर्जन

बुदिं ने.सं १०६७ चौलाथ्व सप्तमी

मदुगुदिंःने.सं.११३२ गुंलाथ्व द्वादशी

कीर्तिपुर स्वयंसेवक समाजया कोषाध्यक्ष श्री सिजन महर्जनया पुज्यनीय अबु भाजु **धनबहादुर महर्जन** थ्वहे गुंलागा द्वादशी (२०६९ श्रावण १५ गते) ६५ दँय् आकाभ्काकां मदुगुलिं वय्कःया आत्माया चिरशान्तिया कामनायासें हार्दिक श्रद्धाञ्जली देछ्रानाच्वना । नापं थुगु इलय् दुःखंकःपिं सकल छेँजःपिन्सं नुगःची फयेमा धकाः बिचाः हायेकाः च्वना ।

बिचाः हायेकूपिं

श्री प्रज्वलमान प्रधान, श्री निलेश नकर्मी, श्री रोजेशमान प्रधान, श्री सरल गोपाल महर्जन, श्री किरण कुमार मानन्धर, श्री उपेन्द्रराज श्रेष्ठ, श्री गौतम महर्जन, श्री अमन महर्जन, श्री उज्ज्वल महर्जन, श्री रेबिका महर्जन, श्री आकर्षण प्रधान, श्री रबिन्द्रवहादुर प्रधान

तथा

कीर्तिपुर स्वयंसेवक समाजया सकल जः



स्व.धनबहादुर महर्जन

जन्म मितिः ने.सं.१०६७ चौला सप्तमी

स्वर्गारोहण : ने.सं११३२ गुंलाथ्व द्वादशी

हार्दिक श्रद्धाञ्जली

मेरा प्रातःस्मरणीय पती **धनबहादुर महर्जन**को यही श्रावण १५ गते असामयिक स्वर्गारोहण भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

श्रीमती बेती महर्जन

छोरा/बुहारी – विनोद महर्जन/ लक्ष्मीदेवी महर्जन

नाती/नातीनी –विप्लव महर्जन/ लूनिभाः महर्जन

छोरा/बुहारी – सिजन महर्जन/ मुक्ता गुरुंग महर्जन

छोरा/बुहारी – पूर्णकुमार महर्जन/ पद्मा महर्जन

छोरी/ ज्वाईं – मिली महर्जन/ निरोज महर्जन

बहिनी – कान्छी अवाले

स्व.शुभशान्ति बज्राचार्यलाई श्रद्धाञ्जली



नेपालभाषाको साहित्यकारको साथै नाटक निर्देशक स्वर्गिय शुभरत्न "शान्ति' बज्राचार्यको देहावसान भएको ४५ औं दिनको पुण्यतिथिमा गत साउन २२ गते सोमवार नेपालभाषा एकेडेमीको सभाहलमा एक कार्यक्रम गरी श्रद्धाञ्जली अर्पण गरियो। स्व. शुभशान्ति लुमन्ति ग्वाहालि खलःको आयोजनामा संयोजक भूतपूर्व राज्यमन्त्री दिलिप महर्जनको सभापतित्वमा संचालन भएको उक्त सभाको संचालन खलःका सदस्य बज्रमुनी बज्राचार्यले गर्नु भएको थियो। स्व.शुभशान्तिको आत्माको चिरशान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरिएको थियो। खलःका सदस्य एवं शुभशान्तिका साथी हिरावहादुर महर्जनले स्वागत मन्तव्य दिनु भएको थियो।

संस्कृतिविद सत्यमोहन जोशी र नाटककार प्रचण्ड मल्ल युवासंघले गरेको चक्का जामका कारण उपस्थित हुन नसकेको जनाइएको थियो। मन्तव्य दिनेहरूमा उहाँका साथीहरू रामकृष्ण महर्जन धिना, पत्रकार कुमार रंजित, रेडियो संचार कर्मि शर्मिला सुवाल डंगोल, राजभाइ जकःमि र लाखे क्वःथैगु नाटकका कलाकार कृष्ण महर्जनले उहाँको योगदानको बारेमा चर्चा गर्नु भएको थियो। उक्त अवसरमा लुमन्ति खलःको अक्षयकोष स्थापना गर्नको लागि विभिन्न व्यक्तिहरूले सहयोग गर्नु भएको थियो। जुन निम्न बमोजिम रहेका छन।

१.नेवाः सांस्कृतिक मंकाः गुथि	–६०००/	९.कृष्णकुमार महर्जन	–१०५०/
२.राजभाइ जकःमि	–५०००/	१०.नजरराम महर्जन	–१००१/
३.किरण कुमार बज्राचार्य	–५००५/	११.हरिशरण महर्जन	–१०००/
४.बेखादास महर्जन	–५०००/	१२.केशमुनी बज्राचार्य	–१०००/
५.हिरावहादुर महर्जन	–३०००/	१३.डा.चन्द्रमान बज्राचार्य	–१०००/
६.बज्रमुनी बज्राचार्य	–२०००/	१४.सिद्धिकुमार मानन्धर	–१०००/
७.टिकाराम महर्जन	–११००/	१५.अर्जुन महर्जन 'नेपाःमि'	–१०००/
८.सुरेश बज्राचार्य	–१०५०/		

नि–कोरिया क्लिनिकद्वारा निःशुल्क स्वास्थ्य शिविर

गत श्रावण २० गते शनिवार युवा जन कल्याण समूह चोभार को सहयोगमा आदिनाथ मन्दिर प्रांगणमा नि–कोरिया क्लिनिकले नशा रोग सम्वन्धि निःशुल्क स्वास्थ्य शिविर संचालन गरियो।

एक दिने सो शिविरमा डा. आन हि हानले स्वास्थ्य परिक्षण गर्नु भएको थियो। शिविरमा ७८ जनाले स्वास्थ्य परिक्षण गराएकोमा ६० जना जति पुरानै नशा रोगी भेटिएको क्लिनिकका प्रवन्धक विनोद कुमार दाहालले जानकारी गराउनु भएको छ।

नि–कोरिया क्लिनिकले आउदो साउन २७ गते शान्ति सुव्यवस्था एरिया सहयोग समितिको आयोजनामा र शोब्यान वचत तथा ऋण सहकारी संस्था लि., शुभ आशिर्वाद बचत तथा ऋण सहकारी संस्था लि., नागरिक विकास बचत तथा ऋण सहकारी संस्था लि. भत्क्यापाटीको सहयोगमा एकदिने निशुल्क नशा रोग सम्वन्धि स्वास्थ्य शिविर हुने भएको छ।

मङ्गल उ.मा.विमा रक्तदान उत्प्रेरणा तालिम हुने

नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर शाखाले विद्यालयहरूमा युथ सर्कल गठन गर्ने कामलाई तिब्रता दिन थालेको छ। युथ सर्कल गठनको साथै युवाहरूलाई रक्तदान दिनमा उत्प्रेरणा जगाउन रक्तदान उत्प्रेरणा तालिम पनि दिंदै आइरहेको छ।

गत श्रावण १३ गते शनिवार शहिद स्मारक कलेजमा उक्त तालिम सम्पन्न गरिसकेको छ।

आउने श्रावण २५ गते नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर उपशाखाले मङ्गल उच्च मा.वि.मा पनि युथ रेडक्रस सर्कल को सहयोगमा रक्तदान उत्प्रेरणा तालिम सञ्चालन हुने भएको कुरा प्रधानाध्यापक प्रदीप महर्जनले बताउनु भयो।

लँ च्वना दिसँ

जनकवि दुर्गा लाल श्रेष्ठया च्वसाय् गुज्जे मालाकारया लसय् नेवाः म्ये म्यूजिक भिडियो "झी नेवाः" मंगल उच्च मा.वि. किपूया स्वर्ण जयन्तिया लसताय् थ्वहे ला दुने पिथने त्यंगु दु।

पिकाकः मंगल उच्च मा.वि, किपू –३

कीर्तिपुरमा गाईजात्रको एका विहानै भीषण आगलागी एकजनको ज्यान गायो, तीन घाइटे

आगो कसरी लाग्यो भन्ने सवालमा विजुली सट भएर आगो लागेको हुन सक्ने स्थानीयवासीले अनुमान गरेका छन्।

सो आगलागी घटनामा परि कृष्ण महर्जन परिवारको घरमा रहेका समानहरू कम्प्युटर, टिभी, दराज, टेबुल, लत्ताकपडा लगायतका सामान नष्ट भएको परिवारले जनाएको छ। स्थानीयवासीले जनाए अनुसार लागाइरहेको लुगा बाहेक सम्पूर्ण सामान नष्ट भएको छ। चार तल्ले घर पनि बस्नै नहुने गरि ध्वस्त भएको छ। यसै वीच महानगरिय प्रहरी प्रभाग कालिमाटीले जनाए अनुसार सो आगलागीवाट करिव ३० लाख बराबरको धनमाल क्षति भएको छ।

सो घट्ना पछि पीडित परिवारलाई राहत दिन स्थानीयवासी प्रदिप कुमार महर्जनको संयोजकत्वमा १५ सदस्यीय अग्नी पीडित राहत सहयोग समिति गठन गरिएको छ। सो समितिको सचिवमा चन्द्रमान महर्जन, कोषध्यक्षमा गुणलक्ष्मी माली र सदस्यहरूमा केशरत्न बज्राचार्य, महेन्द्र महर्जन, संजीव महर्जन, आनन्द महर्जन, पद्मकुमार महर्जन अमीर कृष्ण महर्जन, पुरुषोत्तम श्रेष्ठ, लक्ष्मण महर्जन, विष्णु महर्जन, कान्छि महर्जन, इन्द्र महर्जन, तारा महर्जन रहेका छन्। समितिका संयोजक महर्जनले सहयोगका लागि कीर्तिपुर नगरपालिकामा पहल भइरहेको र स्थानीयवासीले टोल टोलमा पनि चन्दा संकलन गरिएको जानकारी दिनु भएको छ। साथै चन्दा संकलनका लागि बैंकमा खाता खोल्ने र कीर्तिपुरवासीलाई सहयोगका लागि अनुरोध समेत गर्नु भएको छ। अग्नी पीडित परिवारलाई आर्थिक र भौतिक रुपमा सहायोग गर्न चाहनुहुने महानुभावहरूले संयोजक प्रदिप कुमार महर्जन (मोबाइल ९८४१५००२५१) मा सम्पर्क गर्न सक्नु हुने साथै समितिका सदस्यहरूलाई पनि सम्पर्क गर्न सकिने बताइएको छ। त्यसै गरी कीर्तिपुर सन्देश साप्ताहिक पत्रिकाको कार्यालय निखासी कीर्तिपुर (४३३३००७) मा पनि सम्पर्क गर्न सकिनेछ। आगलागीमा परेका बच्चाहरूलाई आगोवाट बचाउनको लागि आफ्नो ज्यानको पर्वाह नगरि साहसिक भूमिका खेली दिवंगत हुनु भएका श्रीमती हिरामोती महर्जनको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा यस कीर्तिपुर सन्देश साप्ताहिक परिवार हार्दिक समवेदना प्रकट गर्दछ साथै अस्पतालमा उपचार गराईरहनु भएका घाइतेहरूको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

हर्ष रत्न पुरस्कार तथा मण्डला सिरपाः दिने

जनसेवा उच्च माविको संयोजकत्वमा विगत १५ बर्षदेखि संचालन हुँदै आएको हर्ष रत्न पुरस्कार र मण्डला सिरपाः वितरण यहि आउदो साउन २७ गते जनसेवा उच्च माविको प्रागणमा हुने भएको छ। हर्ष रत्न पुरस्कार कीर्तिपुर नगरपालिकामा स्थायी वसोवास गरि कीर्तिपुर नगरपालिका भित्रकै सामुदायीक र संस्थागत विद्यालयवाट एसएलसीमा उत्कृष्ट स्थान हासील गर्न सफल एक छात्र र एक छात्रा गरि ४ जनालाई विगत १५ बर्षदेखि ट्रफी सहित नगद पुरस्कार दिइदै आएको छ। त्यसै गरि मण्डला सिरपाःमा सामुदायीक तथा संस्थागत विद्यालयहरू मध्येवाट एक/एक जना गरि जम्मा दुई जनालाई विगत ११ बर्षदेखि पुरस्कार दिदै आएको छ।

हार्दिक श्रद्धाञ्जली

जन्मः
ने.सं १०६७ चौलाथ्व
सप्तमी



स्वर्गारोहण :
ने.सं.११३२ गुंलाथ्व
द्वादशी

स्व. धनबहादुर महर्जन

नेवाः स्वायत्त राज्य मंकाः परिषद किपूया दुजः सिजन महर्जनया अबु **धनबहादुर महर्जन**या थ्वहे गुंलागा द्वादसी श्रावण १५ गते ६५ दँय् आकाभ्काकां मदुगुलिं वय्कःया आत्माया चिरशान्तिया कामनायासें हार्दिक श्रद्धाञ्जली देछानाच्वना। नापं थुगु इलय् दुःखंकःपिं सकल छेँजःपिन्सं नुगःची फयेमा धकाः बिचाः हाय्काः च्वना।

नेवाः स्वायत्त राज्य मंकाः परिषद

ताँल्चा, किपू

हैन त ? –निरज

अफिस, पसल, सहकारी र अन्य कार्यालयको लागि आवश्यक लेजर, क्यास बुक, स्टक बुक, डे बुक, रजिस्टर लगायत सम्पूर्ण अफिस सामग्री (स्टेशनरी) सुपथ मुल्यमा उपलब्ध छ ।

किपू वुक प्वाइण्ट

कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५

'आ-आफ्नो दम्फु'

ब्यंग सन्देश

सरुप कुमार महर्जन

राष्ट्रपतिले तत्काल राजनीतिक, संवैधानिक गतिरोध अन्त्य गरी अघि बढ्न शितल निवासमा दलहरूसंग परामर्श गर्दा सबैले आ-आफ्नो दम्फु मात्र बजाए रे । एउटै कार्यक्रममा दलहरूले आ-आफ्नो दम्फुको ताल निकाले रे । सबै दम्फुहरूको एउटै ताल भए मात्र दम्फुको मजाक हुने थियो तर आ-आफ्नो दम्फुको आ-आफ्नै तालमा दम्फु बजाए पछि राष्ट्रपतिले सबै दलहरूलाई बोलाइ एउटै ताल बनाउन, निकासको एउटै स्वर निकाल्न सकेनन् रे । दलहरूको आ-आफ्नो दम्फु बजाउने पाराले देशले जनताले राजनीतिक निकास र संवैधानिक निकास पाउन नसक्ने कुरा त घाम जतिकै छर्लङ्ग त छदैंछ ।

हुन त बहुदलमा दलहरूको आ-आफ्नो दम्फु हुनु स्वभाविकै ठान्ला । सबैले आ-आफ्नो दम्फु बजाई राजनीति गर्नु पनि स्वभाविकै होला । कसैको दम्फु ठुलो होला र दम्फुको आवाज पनि ठूलै होला । कसैको दम्फु सानो होला, सानो दम्फुको पनि आफ्नै शान मान होलान् । संगितमा बजाउने दम्फुको पनि आ-आफ्नो ऐतिहासिक महत्व होलान् त्यस्तै गरी राजनीतिमा पनि दलहरूको आफ्नो सिद्धान्त, विचार र स्वार्थका कारण तालहरू नमिलेका पनि होलान् र तर जनताले आशा गर्ने भनेको, देशले आशा गर्ने भनेको सबै दलहरूले आ-आफ्नो दम्फु एउटै तालमा बजाइ दिइयोस्, देश र जनताको लागि एउटै स्वरमा जनतालाई विकासको बाटोमा, प्रगतिको बाटोमा, निकासाको बाटोमा दम्फुहरू बजाइ दिइयोस् भन्ने हो । अहिले दलहरूसंग आशा गर्नु भर नपर्नु भन्ने जस्तै भएको छ ।

राष्ट्रपतिको भवनमा प्रतिपक्ष दलहरूले प्रधानमन्त्रीले तत्कालै पद त्याग गरेमात्र आफ्नो दम्फुलाई एउटै तालमा बजाउने रे, सत्तारुढ दलहरूले राजनीतिक सहमतिपछि मात्र एउटै तालमा दम्फु बजाउने अडान लिए रे । तर पनि सबै दम्फुहरू एउटै तालमा बजाउने सहमति खोजिरहेका छन् रे । नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले सहमतिको दम्फु बजाउने सहमति भएको तर त्यसको लागि प्रधामन्त्रीले तत्कालै राजीनामा दिनु पर्ने दम्फु बजाए रे । अनि प्रचण्ड पनि के कम दलहरूले छिट्टै एउटै तालले दम्फु बजाउने त्यसको लागि राष्ट्रपतिकहाँ आउनु नपर्ने गरी दलहरूबीच सहमतिको दम्फु बजाउने कुरा राख्नु भयो रे । नेपाली काँग्रेसको रामचन्द्रले सहमतिको दम्फु बजाउन प्रधानमन्त्रीको राजीनामा प्रमुख शर्त राख्नु भयो रे । सत्तारूढ दलका नेता गच्छेदारले निर्वाचनको दम्फु बजाए रे । निर्वाचन त निर्वाचनको दम्फु बजाउने, कसैलाई संविधान सभाको दम्फु बजाउने, कसैले संसदको निर्वाचनको दम्फु बजाउन थाले रे । आखिर २०६२/०६३ को जनआन्दोलनका दमनकारी कमल थापाले दलका नेताहरू नै असफल भएको दम्फु बजाए रे ।

स्वाभाविकै रुपमा दलहरूले आ-आफ्नो दम्फुहरू बजाउने प्रतियोगिता गर्ने हो भने कुन दम्फु पहिला, दोस्रो, तेस्रा हुने हुन् त्यो त हेर्न नै बाकी छ । संविधान सभाको निर्वाचनमा जस्तै कून दलले कति तालमा, कत्रो स्वरमा बजाउने पनि होलान् । सबभन्दा ठूलो दल फुटेपछि दुवै दलले जोडतोडले नै बजाउने होलान् र मधेशवादीका दलहरू पनि टुका टुका फुटेको बेला, काँग्रेस दलमा पनि दम्फुको ताल फरक फरक भएको बेला, एमालेका आदिवासीले पनि अर्को दम्फु बजाउने शुरु कसेको बेला निर्वाचन हुने भने कुन दलले पहिला हुने हो यकिन छैन । यहाँ समस्या नै सरकारको छ । यहाँ समस्या नै संविधानको छ र समस्या सहमतिको दम्फु बजाउन नसक्नेमा छ । त्यसैले अब जनताले नै ती दम्फुहरू खोसेर एउटै ताल बनाउने परेको छ । स्वरमा स्वर मिलाएर दलहरूलाई दवाव दिनु परेको छ । कि कसो ?

सुलभ र गुणस्तरीय शिक्षा हिलटाउनको विशेषता

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

२०६८ सालको एसएलसी परीक्षामा विशिष्ट श्रेणी सहित शत प्रतिशत उत्कृष्ट नतिजा ल्याउन सफल यस

हिलटाउन इन्टरनेशनल उच्च मा.वि.मा प्लस टु विज्ञान र व्यवस्थापन विषयमा नयाँ भर्ना खुल्यो ।

सीट सिमित भएकोले समयमै सम्पर्क राखी आफ्नो सीट सुरक्षित गर्नुहोस ।

हिलटाउन इन्टरनेशनल उच्च मा.वि.

बाघभैरवस्थान, कीर्तिपुर –१

फोन नं. ४३३१७३९, ४३३१४०७

एस.एल.सी. २०६८ मा उतीर्ण हुने सम्पूर्ण विद्यार्थीहरूलाई

हार्दिक बधाई

साथै उतीर्ण हुने सम्पूर्ण विद्यार्थीहरूलाई उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

कक्षा ११ मा

- व्यवस्थापन
- शिक्षा
- मानविकी

भर्ना खुल्यो

प्राचार्य

जनसेवा उच्च मा.वि.

पाँगा, कीर्तिपुर -१२,

फोन : ४३३०८८०